लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

गुल्मी अस्पताल, तम्घास

कार्यालय कोड ३७००१५२०२५

सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना

सूचना नं.:-GHT-23/2083-084 **प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०७/१०**

यस मन्त्रालय/विभाग/कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले योसूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र (मिति २०८३।०७।१६ गते कार्यालय समयसम्म) लिलाम बिक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु १२,३३३ (बाह्र हजार तीन सय तेत्तीस रुपैंया) नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढको सूचना आह्वान गरिएको छ।

(१) लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण:

क्र.सं.	लिलाम हुने सम्पत्ति (घर टहरा)	स्पेसिफिकेसन	न्यूनतम मूल्य	कैफियत
 १. २. ३. ४. ५. ६. ७. ८.	**गुल्मी अस्पताल, तम्घासमा रहेको** प्रतिक्षालय टहरा १(एक), हाल ओ.पि.डि. र आकस्मिक सेवा संचालनमा रहेको अस्पताल भवन १ (एक), हाल अंतरंग (Indoor) सेवा संचालनमा रहेको अस्पताल इन्डोर+ओटी भवन १(एक), एक कोठे गार्डरुम भवन १(एक), दुई कोठे बिरामीको भान्साघर (Kitchen) भवन १ (एक), पाइखाना (Toilet) भवन १ (एक), हाल नाम दर्ता सेवा संचालनमा रहेको १ कोठेभवन १ (एक), हाल बिमा तथा सामाजिक सेवा ईकाइ रहेको एक कोठेभवन १ (एक) गरि **कूल जम्मा ८ (आठ) वटा भवन/टहरा**मा रहेका ईटा, ढुङ्गा, माटो, बालुवा, सिमेन्ट,टिन, फलाम, काठ जे जस्तो अवस्थामा रहेको छन् सोही अवस्थामा	 ८ (आठ) वटा भवन/टहरामा रहेका ईटा, ढुङ्गा,माटो, बालुवा, सिमेन्ट, टिन, फलाम, काठ जे जस्तो अवस्थामा रहेको छन् सोही अवस्थामा रहेको छन् सोही अवस्थामा।	रु. २,४६,६४७.६३ (अक्षरेपी रु. दुई लाख छयालिस हजार छ सय सतचालिस रुपैंया त्रीसठ्ठी पैसा)	

(२) लिलाम बढाबढ हुने स्थान, मिति र समय:

(क) स्थान: गुल्मी अस्पताल, तम्घास (ख) मिति: २०८३ कार्तिक १७ गते मंगलबार (ग) समय: दिनको ठीक २:०० (दुई) बजे

(३) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाटै सुरु हुनेछ।

(४) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु. २,४६,६४७.६३ को ५% ले हुने रु. १२,३३३ (बाह्र हजार तीन सय तेत्तीस रुपैंया) नगद धरौटी राख्नुपर्नेछ।

(५) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको ५% (पाँच) प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानुपर्नेछ।

(६) लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय खुल्ने दिन बिहान १०.०० (दश) बजेदेखि मध्यान्ह १२.०० (बाह्र) बजेसम्म गुल्मी अस्पतालको, प्रशासन शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

(७) लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले १५ (पन्ध्र) दिनभित्र उठाई लैजानुपर्नेछ।

(८) लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ।

नि. प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट